# आँबुखैरेनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## स्वास्थ्य शाखा
## आँबुखैरेनी ३, तनहूँ
## गण्डकी प्रदेश, नेपाल

आ.व. २०७८।०७९

आधारभुत तथा आकस्मिक सेवाका लागि औषधि खरिद संबन्धी विद्युतिय टेण्डर (eTender) दरभाउ पत्र फाराम

सूचना नं १/Health/२०७८/७९

# विषय सूची

खण्ड १: दरभाउ  आव्हानको सूचना
बोलपत्र आव्हानको सूचना

खण्ड २: दरभाउपत्रदातालाई निर्देशन
बोलपत्रदातालाई निर्देशन

खण्ड २ (क): प्राविधिक प्रस्ताव (Technical Proposal)

खण्ड २ (ख): आर्थिक प्रस्ताव (Financial Proposal)

खण्ड ३: ठेक्काको सामान्य शर्तहरू

खण्ड ४: ठेक्काको विशेष शर्तहरू

खण्ड ५: सम्झौता फाराम

खण्ड ६: नमूना फारामहरू

१. वोलपत्र तथा मूल्य सूचीपत्रहरु **(Price Schedule for Goods)**

२. बोलपत्र जमानत फाराम **(Bid Security Form)**

३. कार्य सम्पादन जमानत फाराम **(Performance Security Form)**

खण्ड ७: आपूर्ति गर्नु पर्ने मालसामानको सूची (BOQ)

खण्ड ८: प्राविधिक स्पेशिफिकेशन **(Technical Specification)**

**खण्ड १**

# आँबुखैरेनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

आँबुखैरेनी ३, तनहूँ

**आधारभुत तथा आकस्मिक सेवाका लागि औषधि खरिद सम्वन्धि  दरभाउ पत्र आव्हानको सूचना**

**आ.ब. २०७८।०७९** प्रथम पटक प्रकाशीत मिति :२०७८।०७।०९

**ठेक्का नं.१ /Health/ ०७८।०७९**

आ.ब. २०७८।०७९ मा यस कार्यालयको लागी आबश्यक विभिन्न अत्यवश्यक औषधि, उपकरकणहरु eTendre प्रविधिबाट दरभाउ पत्र आव्हान गरि खरिद गर्नु पर्ने भएकाले सम्बन्धित कार्यको लागि ईजाजत प्राप्त ईच्छुक ब्यक्ति, फर्म तथा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रहि रितपुर्वकको दरभाउ पत्र आव्हान गरिएको छ ।

१. यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र कम्पनी/फर्मले चालु आ.ब. २०७८/०७९ मा नविकरण भएको ईजाजत प्रमाणपत्र,आयकर दर्ता प्रमाणपत्र,आ.ब.२०७७/०७८ को करचुक्ता प्रमाणपत्र वा नियमानुसार करचुक्ता, मु.अ.कर दर्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरुका साथ यस कार्यालयमा रू.१,०००।- राजश्व (फिर्ता नहुने) बुझाइएको सक्कल रसिद निवेदनका साथ संलग्न राखी कार्यालय समय भित्र दरभाउपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिले यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सक्नेछन् वा यस कार्यालयको आन्तरिक राजश्व खाता नं.०१७००६१८४५४०००२८ मा रु.१०००।०० नगदै जम्मा गरेको बैंक भौचरका सहित शलबन्दी दरभाउपत्र फाराम PPMOS e-GP system :www.bolparta.gov.np/egp डाउनलोड गरी Online मार्फत समेत पेश गर्न सकिने छ ।

२. दरभाउपत्र खरिद दाताले धरौटी बापतको धरौटी रकम यस कार्यालयको माछापुच्छ्रे बैंक लि आँबुखैरेनीमा रहेको आँबुखैरेनी गाउँपालिका कार्यालयको धरौटी खाता न ०१७००६१८४५४००१०१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य वैंकबाट जारी गरिएको एकसय बिस दिन सम्म म्याद भएको बैंक ग्यारेन्टी (विडवण्ड) दरभाउ पत्र साथ संलग्न पेश गर्नु पर्ने छ ।

३. दरभाउपत्र खरिद कर्ताले Oneline मार्फत दरभाउपत्र पेश गर्न इच्छुक फर्मले दरभाउ पत्रहरुको यो सुचना प्रकाशित भएको मितिले २०७८।०७।२८ गते दिनको १२ :०० बजे भित्र सिष्टममा दर्ता गरिसक्नु पर्नेछ ।

४. दर्ता भएका दरभाउपत्रहरु २०७८।०७।२८ गते दिनको २:०० बजे आँबुखैरेनी गाउँपालिका कार्यालयमा खोलिने छ ।

५. दरभाउ पत्र दाखिला गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु त्यस पछिको लगत्तै कार्यालय खुलेको दिन सोहि समयमा उपरोक्त कार्यहरु हुने छ ।

६. प्रचलित नियमानुसार रित नपुगेको र म्याद नाघि आएको र शर्त राखिएको दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन ।

७. दर्ता भएका दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई हुनेछ ।

८. एक फर्म वा व्यक्तिको नाममा खरिद गरिएको दरभाउ पत्र अर्को फर्म वा व्यक्तिको नामबाट दरभाउ पत्र दाखिला गर्न पाईने छैन । एक आपसमा मिलिमोतो गरि दरभाउ पत्र दाखिला गरेको पाईएमा त्यस्तो दरभाउपत्र स्विकृत गरिने छैन ।

९. दरभाउ पत्र आईटम वाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्ने छ । अंक र अक्षर विचमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ । दरभाउ पत्र दररेट भर्दा मु.अ.कर बाहेकको दर रेट भर्नु पर्ने छ ।

१०. दरभाउ पत्रका साथमा WHO /GMP Certificate प्राप्त कम्पनिहरुबाट उत्पादित औषधिहरु मात्र उपलब्ध गराउनु पर्ने छ साथै औषधि व्यवस्था विभागबाट प्राप्त उत्पादन अनुज्ञापत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ । विदेशी औषधिहरुको हकमा विश्व स्वास्थ्य संगठन कुशल उत्पादन प्रकुया कागजको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने छ ।

११. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) अनुसार दरभाउ पत्रले खरिद कारबाहिमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारबाहिमा आफनो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणापत्र दरभाउ पत्र साथ पेश गर्नु पर्ने छ ।

१२. उत्पादक वा अधिकृत वितरकबाट औषधि आपुर्ति गर्न मञ्जुरीपत्र लिएको हुनु पर्ने छ । साथै त्यस्ता वितरकको अधिकारपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने छ ।

१३ सप्लाई हुने औषधिको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry मिति, ब्याच नंबर तथा **नेपाल सरकारबाट निशुल्क बितरणको लागी** भनी उल्लेख भएको हुनुपर्नेछ ।

१४ विदेशि औषधिको हकमा औषधि व्यवस्था विभागको पैठारी सिफारिस पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने छ ।

१५. औषधी उपलब्ध गराउदा औषधीको Expiry म्याद कम्तिमा १८ महिना अथबा ७५ प्रतिशत भन्दा बढी म्याद बाकी रहेको औषधी उपलब्ध गराउनु पर्नेछ ।

१६, यस सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावलि २०६४ को शंशोधन सहित तथा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१७. दरभाउ पत्र आईटम वाईज मूल्यांकन नगरी एकमुष्ठका आधारमा मूल्यांकन गरिने छ ।

१८. अन्य विस्तृत जानकारीको लागी यस आँबुखैरेनी गाउँपालिकाको वेभ साईट www.anbukhairenimun.gov.np र कार्यालयको फोन नं ०६५-५४००८२ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ ।

| सि.नं | ठेक्का नं | कामको विवरण | दरभाउ दस्तुर ( फिर्ता नहूने गरी) | जमानत रकम | कुल रकम (भ्याट समेत) |
|---|---|---|---|---|---|
| १ | ०८-२०७८।०७९, Health | आधारभुत तथा आकस्मिक सेवाका लागि औषधी खरिद | १०००।०० | ३% | १५०१४५.५० |

## खण्डः २ दरभाउपत्रदातालाई निर्देशन **(Instruction to Bidder)**

### खण्डः २ (क) प्राविधिक प्रस्ताव (Technical Proposal)

१. दरभाउपत्रदाताले आ.व. २०७८।७९ का लागि नवीकरण गरेको कम्पनी वा फर्म दर्ता प्रमाणपत्र वा व्यवसाय प्रमाणपत्र, आ.ब.२०७७।०७८ को कर चुक्ता तथा मु.अ.कर दर्ता प्रमाणपत्रहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ। उल्लेखित कागजातहरू पेश नगरेको दरभाउपत्रदाताहरूको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन।

२. दरभाउपत्र पेश गर्दा लाग्ने सम्पूर्ण खर्च दरभाउपत्रदाता आफैंले व्यहोर्नु पर्नेछ।

३. दरभाउपत्रदाताले कबोल गरेको रकमबाटै यस कार्यालयले तोकेको स्टोरमा औषधिहरु बुझाउनु पर्नेछ। दरभाउपत्रदाताले कबोल गरेको मूल्य बाहेक अन्य कुनै खर्च यस कार्यालयबाट व्यहोरिने छैन।

४. सिलबन्दी दरभाउपत्र खुलेको ४५ दिन सम्म बोलपत्रको अवधि (Bid Validity) मान्य हुनेछ। दुवै पक्षको सहमति भएमा दरभाउपत्रको अवधि थप हुन पनि सक्नेछ।

५. औषधिहरु दरभाउपत्र फारामको (Price Schedule for Goods from Abroad / Price Schedule for Domestic Goods) मा उल्लेख भए बमोजिमको परिमाण संझौता भए पश्चात यस कार्यालयको स्टोरमा दरभाउपत्रदाताले आफ्नै तर्फबाट ढुवानी गरी बुझाउनु पर्नेछ। सम्झौता बमोजिमका सामानहरु दरभाउपत्र फारामको खण्ड ७ (आपूर्ति गर्नुपर्ने औषधिहरुको सूची) मा उल्लेख भएको अवधि भित्र सप्लाई गरि सक्नुपर्नेछ।

६. आफैंले खरिद गरको दरभाउपत्र मात्र दाखिला गर्न पाइनेछ।

७. प्राप्त हुन आएका दरभाउपत्र पूर्ण रूपमा स्वीकार गर्ने, आंशिकरुपमा स्वीकार गर्ने अथवा पूर्ण रूपमा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। साथै दरभाउपत्रमा उल्लेख भएका औषधिहरुको परिमाण थपघट समेत हुनसक्ने र यसरी थपघट भए तापनि दरभाउपत्रदाताले कबोल गरेको दरमा थपघट गर्न पाउने छैन।

८. खरिद हुने औषधिहरुको म्यादको सम्बन्धमा दरभाउपत्रको Technical Specification मा उल्लेख भए अनुसार हुनुपर्ने छ। आपूर्ती गरिने औषधिहरुको मान्य मिति स्टोर दाखिला भएको दिनबाट १८ महिना हुनुपर्नेछ र १८ महिना भन्दा कम Expiry date भएका औषधिहरुको हकमा उक्त औषधिहरुको **Manufacturing date** बाट **Expiry date कम्तिमा ७५% बाँकी** हुँदा स्टोरमा दाखिला हुनु पर्ने छ। सो भन्दा घटी म्याद भएका औषधिहरु कुनै हालतमा बुझिलिईने छैन।

९. टुटफुट तथा प्राविधिक समस्या भएका औषधिहरु कुनै हालतमा पनि बुझिलिइने छैन।

१०. दरभाउपत्रदाताले दरभाउपत्र फारामको प्रत्येक पानाहरूमा नमेटिने मसिले सही गरी फर्म वा कम्पनीको छाप समेत लगाउनु पर्नेछ। यसो नगरिएका दरभाउपत्रलाई रीत पुगेको मानिने छैन। दरभाउपत्रदाताले पेश गर्ने संपूर्ण प्रमाणपत्रहरु नोटरी पब्लिकबाट अनिवार्यरुपमा प्रमाणित गराई पेश गर्नु पर्नेछ। यसरी पेश भएका प्रमाणित प्रतिलिपिहरुको सक्कल दरभाउपत्र खोलेपछि यस कार्यालयले माग गर्न सक्नेछ।

११. बोलपत्रदाताले आफूले पेश गरेको दरभाउपत्रको सिलबन्दी खाम बाहिर यस कार्यालयको नाम तथा औषधि खरिद सम्बन्धी दरभाउपत्र भनि उल्लेख गर्नुपर्नेछ साथै उक्त सिलबन्दी खाम बाहिर स्पष्ट रूपमा दरभाउपत्रदाताले आफ्नो नाम र ठेगाना समेत उल्लेख गरी पेश गर्नुपर्नेछ।

१२. यो सूचना प्रथम पटक प्रकाशित भएको मिति २०७८।०७।०९ **देखि मिति** २०७८।०७।२७ गते सम्म कार्यालय समय भित्र रू.१,०००।- राजश्व (फिर्ता नहुने) यस कार्यालयमा बुझाई सक्कल रसिद निवेदन साथ संलग्न राखी कार्यालय समय भित्र दरभाउपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिले यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सक्नेछन् वा यस कार्यालयको आन्तरिक राजश्व खाता नं.:०१७००६१८४५४०००२८ मा रू.१,०००।- राजश्व (फिर्ता नहुने) जम्मा गरेको बैंक भौचर दरभाउ पत्र फारामका साथ पेश गर्नु पर्ने छ। शिलबन्दी दरभाउपत्र फाराम PPMOSe-GP system www.bolparta.gov.np/egp डाउनलोड गरी पेश गर्न सकिने छ।

१३. खरिद गरेको दरभाउपत्र मिति २०७८।०७।२८ गते दिनको १२:०० बजे भित्र रीतपूर्वक भरी Oneline मार्फत दरभाउपत्र पेश गर्न इच्छुक फर्मले दरभाउ पत्रहरुको यो सुचना प्रकाशित भएको मितिले २०७८।०७।२८ गते दिनको १२ :०० बजे भित्र सिष्टममा दर्ता गरिसक्नु गर्नु पर्ने छ।

दर्ता भएको दरभाउपत्रहरू सोही दिनको २ :०० बजे देखि दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरूको रोवहरमा कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन। दरभाउपत्र बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ।

१४. दरभाउपत्रदाताले दरभाउपत्र पेश गर्दा WHO /GMP Certificate प्राप्त कम्पनिहरुबाट उत्पादित औषधिहरु मात्र . उपलब्ध गराउनु पर्ने छ साथै औषधि व्यवस्था विभागबाट प्राप्तउत्पादन अनुज्ञापत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ। विदेशी . उत्पादनको औषधिहरुको हकमा विश्व स्वास्थ्य संगठन कुशल उत्पादन प्रकृया कागजको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने छ Import License को नविकरण भएको प्रमाणित प्रतिलिपी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ। Import License दरभाउपत्रदाताको नाममा जारी नभएको भए सम्बन्धित Importer ले उक्त सामान सम्बन्धित दरभाउपत्रदाताको लागि Import गरि दिन मन्जुरी दिएको पत्र दरभाउपत्र साथ संलग्न राखेको हुनु पर्नेछ। यसरी माग अनुसारको उपर्युक्त प्रमाणपत्रहरु पेश भई नआएको दरभाउपत्र उपर कुनै कारबाही हुनेछैन। साथै दरभाउपत्रदाताको नाममा Import License वा Marketing License जारी नभएको भएमा जस्को नाममा उक्त License हरु जारी भएका छन्, निजहरुले दरभाउपत्रदातालाई दरभाउपत्र स्वीकृत भएमा आफूलाई मान्य हुने छ र आफुले औषधिहरुको Import गरीदिने छु वा उपलब्ध गराई दिने छु भन्ने कबुलियतपत्र (Promise Letter) सिलबन्दी दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ। यस्तो Promise Letter सिलबन्दी दरपत्र साथ पेश नगरेमा उक्त दरभाउपत्रलाई मान्यता दिईने छैन। दरभाउपत्रदाताको नाममा Import License वा Marketing License जारी भएको भए यस तो छुट्टै Promise Letter को जरुरी पर्ने छैन। साथै स्वदेशी उत्पादनको हकमा आपूर्ति हुने औषधिहरुको अनिवार्यरुपमा Marketing License को नविकरण भएको प्रमाणित प्रतिलिपी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ।

१५. प्राप्त हुन आएका दरभाउपत्रहरूको मूल्यांकन दरभाउपत्रसम्बन्धी सूचना र दरभाउपत्र आव्हान फाराम साथ संलग्न शर्तहरु अनुसार गरिनेछ।

१६. संभौता सम्पन्न भएको मितिले १५ दिन भित्र दरभाउपत्रदाताले यस कार्यालयमा आफूले सप्लाई गर्ने सामानहरु आपुर्ति गरि सक्नु पर्ने छ।

१७. काबु बाहिरको परिस्थिति पर्न गई तोकिएको समयमा काम सम्पन्न हुन नसकेमा र यस्तो कारण परी समयमा काम सम्पन्न हुन नसक्ने भनी स्वीकृत दरभाउपत्रदाताले आफूले सप्लाई गर्ने सामानहरुको Work Plan तथा Progress Report समेत संलग्न राखी लिखित रूपमा अनुरोध गरेमा तथा उक्त व्यहोरा यस कार्यालयलाई मनासिब लागेमा नियमानुसार संभौताको म्याद थप गर्न सकिनेछ। उपर्युक्त लिखित अनुरोध संभौताको म्याद समाप्त हुनुभन्दा सात दिन अगावै स्वीकृत दरभाउपत्रदाताले यस कार्यालयमा पेश गर्नु पर्नेछ। साथै काबु बाहिरको परिस्थिति परेको कारणबाट दरभाउपत्रदाता उपर पर्न गएको क्षतिको हकमा यो कार्यालय जिम्मेवार हुनेछैन।

१८. सप्लाई हुने औषधिहरुको प्रत्येक प्याकिङ्गमा प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry Date, ब्याच नम्बर र नेपाल . . सरकार द्वारा नि:शुल्क बितरणको लागि भन्ने बाक्याँश उल्लेख भएको हुनुपर्नेछ।

१९ ठेक्का सम्भौता बमोजिम काम शुरु नगरेमा वा काम शुरु गरि बीचमा छोडेमा वा सम्भौता बमोजिम कामको प्रगति नगरेमा सभौता तोड्न सकिने छ। संभौताको म्याद भित्र यस कार्यालयले तोकेको स्टोरमा औषधिहरु दाखिला गर्न नसकेको खण्डमा प्रचलित नियमानुसार कारवाही हुनेछ।

२०. दरभाउपत्रदाताले कबोल गरेको दररेट अंक र अक्षरमा केरमेट नगरी स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ। कतै केरमेट वा थपघट गर्नु पर्ने भए केरमेट वा थपघट गरेको अंक/अक्षर बुझीने गरि उल्लेख गरि काटिएको, थपिएको ठाउँमा आधिकारिक व्यक्तिको हस्ताक्षर र फर्मको छाप समेत लगाएको हुनुपर्नेछ।

२१. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४०(ङ) अनुसार दरभाउपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र संबन्धित पेशा वा ब्यबसाय संबन्धी कसूरमा आफूले सजाय नपाएको ब्यहोराको लिखित रुपमा गरेको घोषणापत्र दरभाउपत्र साथ अनिबार्य रुपले पेश गर्नु पर्नेछ।

२२. दरभाउपत्रदाताले दरभाउपत्र फाराममा उल्लेखित शर्तको पूर्ण रुपले पालना गर्नु पर्नेछ र उपलब्ध गराउन भनिएको विवरण अनिवार्य रुपले पेश गर्नु पर्नेछ।

२३. यस सूचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र उल्लेख हुन छुट भएका अन्य कुराहरू सार्वजनिक खरिद ऐन, २०६३( संशोधन सहित) र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ।

२४ बिदेशी औषधिहरुको हकमा सम्वन्धित बिभागको नवीकरण गरिएको पैठारी सिफारिसपत्रको प्रमाणित प्रतिलिपि पेस गर्नुपर्नेछ ।

२५ दरभाउपत्र साथ आपूर्ति गर्ने औषधिहरुको गुणस्तर सम्वन्धित विभागले कायम गरे बमोजिमको मापदण्डमा हुनुपर्नेछ ।

## प्राविधिक मुल्यांकनका पक्षहरूको सारांश

(दरभाउपत्रदाताहरूले अनिबार्यरूपमा भर्नु पर्ने)

१. कम्पनी दर्ता, फर्म दर्ता प्रमाणपत्र संलग्न भएको/नभएको ? र आ. ब. ०७८/७९ को लागि नविकरण भएको/नभएको ? (उल्लेख गर्ने) ............................................................
जारी मिति तथा नविकरण गरिएको अवधी : (उल्लेख गर्ने) ..............................................

२. व्यवसाय दर्ता प्रमाणपत्र संलग्न भएको / नभएको ? (उल्लेख गर्ने), ...................................................................................
जारी मिति तथा नविकरण गरिएको अवधी : (उल्लेख गर्ने) ...............................................................................

३. भ्याट तथा आयकर दर्ता प्रमाणपत्र संलग्न भएको/नभएको ? (उल्लेख गर्ने) ....................
जारी मिति तथा नविकरण गरिएको अवधी : (उल्लेख गर्ने) ..............................................

४ दरभाउपत्रमा माग भएबमोजिमको सक्कल Authority Letter संलग्न राखेको/ नराखेको ? (उल्लेख गर्ने) ...........................................................................
अलग अलग कम्पनीको संलग्न राखेको भए कंपनीहरुको नाम र Authority Letter को संख्या समेत ( उल्लेख गर्ने) ..................................................

५ .स्पेशिफिकेशन माग बमोजिम भएको/नभएको ? (उल्लेख गर्ने) ..................................

७. सम्वन्धीत बिभागको प्रमाण-पत्र (Marketing / Import License) संलग्न राखेको/ नराखेको ? (उल्लेख गर्ने) ..........................................................................

८. सम्बन्धित दरभाउपत्रदाताको नाममा जारी भएको Import License पेश गरेको छ / छैन ? ........................

यदि छैन भने, सम्बन्धित Importer ले Import गरि दिन मन्जुरी दिएको पत्र संलग्न राखेको छ / छैन ? ................................................

९. Quote गरिने सामानको Expiry Period माग बमोजिम छ/छैन ? (उल्लेख गर्ने) ...............................................

१०. Delivery Period दरभाउपत्रमा माग गरिए बमोजिम मन्जुर छ / छैन ? (उल्लेख गर्ने) ........................................

११ दरभाउपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्ताबित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र संबन्धित पेशा वा ब्यबसाय संबन्धी कसूरमा आफूले सजाय नपाएको ब्यहेराको लिखत दरभाउपत्र साथ छ/छैन ? ( उल्लेख गर्ने )............................................

१२. करचुक्ता प्रमाण पत्र छ/छैन ? ( उल्लेख गर्ने )............................................

१३. अन्य (कुनै उल्लेख गर्नु छ भने) ................................................................
..............................................................................................................
माथि उल्लेखित सिलबन्दी दरभाउपत्रसाथ संलग्न हुनुपर्ने कागजातहरू र बिबरणहरु संलग्न गरेको छु ।

सप्लायर्सको नामः-
सहीः-
मितिः-
फर्मको छाप :-

खण्ड २ (ख): आर्थिक प्रस्ताव -Financial Proposal_

१. दरभाउपत्र जमानतको हकमा सूचनामा उल्लेख भए अनुसारको रकम माछापुच्छ्रे बैंक लि आँबुखैरेनीमा रहेको आँबुखैरेनी गाउँपालिका कार्यालयक तनहूँमा रहेको धरौटी खाता न ०१७००६१८४५५४००१०१ मा जम्मा गरेको सक्कल भौचर वा कम्तीमा १२० दिन म्याद (दरभाउपत्र बुझाउने अन्तिम मिति देखि) भएको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको ग्यारेन्टी (विडवन्ड) दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ। विदेशी बैंकको Bank Guarantee नेपाली बैंकबाट Endorse भएको हुनु पर्नेछ। घटी म्याद वा घटी धरौटी रकम समावेश भएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन। साथै दरभाउपत्र स्वीकृत भई संझौता सम्बन्धी कार्य सम्पन्न भएपछि मात्र अन्यको धरौटी वा विडवन्ड नियमानुसार फिर्ता गरिनेछ।

२. दरभाउपत्र स्वीकृत भएको सूचना प्राप्त भएको मितिले ७ (सात) दिन भित्र स्वीकृत दरभाउपत्रदाताले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमको जमानत रकम माछापुच्छ्रे बैंक लि आँबुखैरेनीमा रहेको आँबुखैरेनी गाउँपालिका कार्यालयक तनहूँमा रहेको धरौटी खाता न ०१७००६१८४५५४००१०१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा परफरमेन्स वण्ड (सप्लाई गर्ने सामानको डेलिभरी अवधि तथा वारेण्टी अवधि समेत समेट्ने म्याद भएको) साथ संझौता गर्न आउनु पर्नेछ। यसरी म्याद भित्र संझौता गर्न नआएमा नगद जमानत वा विडवन्ड जफत गरिनेछ। संझौता बमोजिमका सम्पूर्ण कार्य सम्पन्न भए पश्चात उक्त परफरमेन्स बण्ड सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार फुकुवा गरिनेछ।

३. प्राप्त हुन आएका औषधिहरुको भुक्तानी प्रकृया निम्नानुसार हुनेछः।

क) ९०% रकमको भुक्तानी तोकिएको स्टोरमा सामान बुझाएको इनभ्वाइस तथा दाखिला रिपोर्ट आदि कागजात पेश गरे पश्चात यस कार्यालयबाट हुनेछ।

ख) बाँकी १०% रकमको भुक्तानी दरभाउपत्रदाताले संझौता बमोजिमका सम्पूर्ण सामानहरू सप्लाई गरी नियमानुसार ९०% रकम भुक्तानी लिएको ३ (तीन) महिना पश्चात सप्लाई गरेको सामानको कुनै सिकायत प्राप्त नभएमा यस कार्यालयबाट हुनेछ।

ग) कुल बिल रकमको १.५% रकम आयकर वापत ९०% रकम भुक्तानी दिँदा कट्टा गरिनेछ।

घ) भुक्तानी रकमको ५ % धरौटी कट्टा गरिनेछ। सप्लाई भएका औषधिहरुमा कुनै सिकायत नभएमा संबन्धित आन्तरिक राजस्व कार्यालयबाट भ्याट समायोजनको प्रमाणपत्र पेश गरे पछि फिर्ता गरिनेछ।

४. दरभाउपत्रसाथ संलग्न शर्तमा उल्लेख भएका कुराहरूको हकमा उल्लेख भए बमोजिम हुने र यसमा नपरेका कुराहरूको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ। साथै यस सम्बन्धी पत्रिकामा प्रकाशित सूचना पनि यसै दरभाउपत्रको अभिन्न अंग मानिनेछ।

सप्लायर्सको नाम-
सही:-
मिति:-
फर्मको छाप :-

## आर्थिक मुल्यांकनका पक्षहरूको सारांश

(दरभाउपत्रदाताहरूले अनिवार्यरूपमा भर्नु पर्ने)

१. बैंक जमानत संलग्न भएको/नभएको ? (बैंकको नाम र ठेगाना समेत उल्लेख गर्ने)
...........................................................................................................
...........................................................................................................

२. बैंक जमानत रकम तथा अवधि (उल्लेख गर्ने) .................................................
...........................................................................................................

३. दरभाउपत्र फाराममा उल्लेख गरेको भुक्तानीको प्रकृया आफुलाई पुर्ण मान्य छ / छैन ?
(उल्लेख गर्ने) ..................................................................
...........................................................................................

४. दरभाउपत्र फाराममा उल्लेख गरेको विडवण्ड तथा परफरमेन्स वण्ड फुकुवा सम्बन्धी प्रकृया आफूलाई पूर्ण मान्य छ / छैन ? (उल्लेख गर्ने) ........................................................................................................
.........................................................................................................

५. अन्य (केही उल्लेख गर्नुछ भने) ..................................................................
.........................................................................................................

(माथि उल्लेखित कागजातहरू सिलबन्दी दरभाउपत्र साथ संलग्न राखेको हुनु पर्नेछ । )

सप्लायर्सको नाम-
सहीः-
मितिः-
फर्मको छाप :-

## खण्ड ३: ठेक्काको सामान्य शर्तहरू (General Conditions of Contract)

१. परिभाषाहरू

१.१ यो ठेक्कामा निम्न शब्दहरू र अभिव्यक्तिको निम्न प्रकारको अर्थ लाग्ने छ :

(क) "ठेक्का" भन्नाले खरीदकर्ता र आपूर्तिकर्ता बीच भएको संझौता भन्ने बुझिन्छ जुन हस्ताक्षर भएको ठेक्का फाराममा लिपिबद्ध भएको हुन्छ। यसमा संलग्न परिशिष्ट र अन्य तथा त्यसमा नाम दर्शाइएको दस्तावेज समेत समावेश गरिएको सम्झनु पर्दछ।

(ख) "ठेक्का रकम" भन्नाले ठेक्काको शर्तअनुसार ठेक्काको दायित्व पूर्णरूपले उचित तरिकाबाट सम्पन्न गरे बापत आपूर्तिकर्ताले भुक्तानी पाउनुपर्ने रकमलाई जनाउँछ।

(ग) "मालसामान" भन्नाले ठेक्काको शर्तअनुसार आपूर्तिकर्ताले खरीदकर्तालाई उपलब्ध गराउने मेशिनरी, औजार, यन्त्र, उपकरण तथा अन्य मालसामानलाई समेत जनाउँदछ।

(घ) "सेवा" भन्नाले मालसामान आपूर्ति गर्दा आवश्यक पर्ने सबै प्रकारका सेवाहरू जस्तै :- ढुवानी तथा बीमा जडान, आपूर्ति गरिएका उपकरणको संचालन तथा संभार सम्बन्धी तालिम समेतलाई जनाउँछ।

(ङ) "खरीदकर्ता" भन्नाले ठेक्का सम्झौता अनुसार मालसामान खरीद गर्ने संस्थालाई जनाउँछ।

(च) "आपूर्तिकर्ता" भन्नाले यस ठेक्का अन्तर्गत मालसामान आपूर्ति गर्ने संस्थालाई जनाउँदछ।

२. प्राविधिक स्पेसिफिकेशनहरू

२.१ यस ठेक्का अनुसार आपूर्ति गरिने मालसामानहरू प्राविधिक स्पेसिफिकेशनहरूमा तोकिए बमोजिमका मापदण्डहरु सँग मेल खाने हुनुपर्दछ।

३. प्याटेन्ट राइट

३.१ खरीदकर्ताको देशमा मालसामान प्रयोग गर्दा तेस्रो पक्षहरूबाट आइपर्न सक्ने प्याटेन्ट, ट्रेडमार्क वा औद्योगिक डिजाइन सम्बन्धी अधिकार बापत दावीहरूबाट आपूर्तिकर्ताले खरीदकर्तालाई सुरक्षा (Indemnity) प्रदान गर्नुपर्दछ।

४. कार्य सम्पादन जमानत

कार्य सम्पादन जमानत निम्नानुसार हुनेछ :-

४.१ खरीदकर्ताबाट ठेक्का पाएको सूचना प्राप्त भएको सात (७) दिन भित्र आपुर्तिकर्ताले कार्यसम्पादन जमानत ठेक्काको शर्तमा उल्लेखित भए बमोजिम दरभाउपत्रमा समावेश गरिएको फाराममा अथवा खरीदकर्तालाई मान्य हुने फाराममा बुझाउनुपर्ने छ।

४.२ सफल आपुर्तिकर्ताले दफा ४.१ मा उल्लेखित शर्त पुरा नगरेको खण्डमा ठेक्का रद्द गर्न सकिनेछ साथै दरभाउपत्र जमानत पनि खरीदकर्ता द्वारा खिच्न सकिने छ, यस्तो अवस्था सिर्जना भएको स्थितिमा खरीदकर्ताले अर्को कम मूल्य अंकित गरेको आपुर्तिकर्तालाई ठेक्का प्रदान गर्न सक्नेछ, वा फेरि नयाँ सिलवन्द दरभाउपत्र आह्वान गर्न सक्नेछ।

४.३ कार्य सम्पादन जमानत प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधन सहित) ले व्यवस्था गरे बमोजिम हुनेछ।

४.४ कार्य सम्पादन जमानतको मान्यता अवधि (सप्लाई गर्ने सामानको Delivery Period तथा Warranty Period समेत समेट्ने अवधि भएको) हुनुपर्ने छ।

४.५ वारेन्टी अवधि समाप्त भई आपूर्तिकर्ताको दावी पेश भई सकेको ३० दिन भित्र कार्य सम्पादन जमानत फुकुवा गरिनेछ।

५. निरीक्षण र परीक्षणहरू

५.१ खरीदकर्ता वा निजको प्रतिनिधिले आफ्नो हाताभित्र ल्याइ पुऱ्याइएको मालसामानहरू प्राविधिक स्पेसिफिकेशन र कार्यसम्पादनको गुणस्तर बमोजिम छ कि छैन भनेर निरीक्षण तथा परीक्षण गर्न पाउने छ।

६. प्याकिङ

६.१ ठेक्का सम्झौतामा उल्लेख गरिए अनुसार आपूर्तिकर्ताले मालसामान गन्तव्य ठाउँ सम्म सुरक्षित पुऱ्याउन र कुनै पनि क्षति वा नोक्सानी हुन नदिन मालसामानलाई चाहिदों तरिकाले प्याकिङ्ग गर्नु पर्ने छ।

६.२ तोकिए बमोजिमको प्याकेजिङ्ग मालसामान ओसार-पसार गर्दा वा खुला भण्डार शाखामा यथेष्ट रूपमा, विना कुनै अपवाद, रफ ह्यान्डलिङ्ग, तापक्रम, लवण र वर्षामा खुला रहँदा समेत पर्याप्त सुरक्षित हुनुपर्दछ।

६.३ प्याकिङ्गको बाकस, साइज र तौल मालसामान पुऱ्याउनु पर्ने अन्तिम ठाँउको दुर्गमतालाई र त्यस्ता ठाउँमा गह्रौं सामान उचाल्ने यन्त्रहरू अनुपलब्धता समेतलाई ध्यानमा राखी निश्चित गर्नुपर्नेछ।

६.४ अन्तर्राष्ट्रिय मापदण्ड र प्रचलनमा खुलस्त गरे अनुसार भित्री - बाहिरी प्याकिङ्ग सांकेतिक चिन्ह तथा कागजपत्र विशेष आवश्यकता हेरी कडी-कडाउका साथ पालना गर्नु पर्ने छ।

७. मालसामान पुऱ्याउने काम

७.१ खरीदकर्ताले आफ्नो आवश्यकताहरूको सूचीमा दर्शाइएको शर्त अनुसार आपूर्तिकर्ताले मालसामान तोकेको ठाउँमा पुऱ्याउनु पर्ने छ।

८. आपुर्तिकर्ताले मालसामान ठिक ठाउँमा नपुऱ्याउँदासम्ममा हुनजाने ढुवानी र संचयको संपूर्ण खर्च समेतमा जिम्मेबारी व्यहोर्नु पर्नेछ।

९. वारेन्टी

९.१ आपूर्तिकर्ताले सम्झौता अनुसार उपलब्ध गराउने सम्पूर्ण मालसामानहरू सम्झौताको स्पेसिफिकेसन अनुसार भएको र कुनै त्रुटी नरहेको विश्वास दिलाउनु पर्दछ।

९.२ ठेक्कामा उल्लेख भए बमोजिम मालसामान तोकिएको ठाउँमा पुगि Expiry / Warranty Period को अवधि सम्म यस्तो वारेन्टी मान्य रहनु पर्नेछ।

९.३ यस्तो वारेन्टी अनुसार कुनै पनि कुराको दावी गर्नु परेमा खरीदकर्ताले आपूर्तिकर्तालाई तुरून्त लिखित सूचना दिनु पर्दछ।

९.४ आपूर्तिकर्ताले यस्तो सूचना प्राप्त गरेपछि मुनासिव समय भित्रै त्रुटिपूर्ण सामानहरू खरीदकर्तालाई खर्चभार नपर्ने गरि बदली दिनु पर्ने छ। आपूर्तिकर्ताले आफ्नै खर्चमा र जोखिममा त्रुटिपूर्ण सामान हटाउनु पर्ने छ।

१०. भुक्तानी

१०.१ आपूर्तिकर्ताको दरभाउपत्रमा ठेक्का मूल्य तोकिएकै मुद्रामा आपूर्तिकर्तालाई भुक्तानी दिनुपर्नेछ।

११. मूल्य

११.१ ठेक्का सम्झौता अनुसार उपलब्ध गराएको मालसामान वापत दावी गरेको मूल्य सिलबन्दी दरभाउपत्रमा आपूर्तिकर्ताले उल्लेख गरेको मूल्य भन्दा फरक गर्न पाइने छैन।

१२. आदेशमा परिवर्तन

१२.१ खरीदकर्ताले चाहेमा आपूर्ति लिने मालसामानको सूची परिवर्तन गर्न सक्नेछ, तर यसरी परिवर्तन हुने सूची २० प्रतिशत भन्दा बढाउन पाइने छैन।

१३. लिक्वीडेटेड **(Liquidated)** क्षति

१३.१ यदि आपूर्तिकर्ताले ठेक्कामा तोकिएको समयावधि भित्र आपूर्ति गर्नुपर्ने मालसामानको केहि अंश अथवा सम्पूर्ण सामान नै बुझाउन सकेन भने सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम क्षति बापत कारवाही गरिनेछ।

१४. विवादहरू समाधान गर्ने

१४.१ ठेक्का कार्यान्वयनको सिलसिलामा खरीदकर्ता र आपूर्तिकर्ताको बीचमा उत्पन्न कुनै पनि असमझदारी अथवा विवादको द्विपक्षीय सहमतिद्वारा समाधान गर्ने प्रयास गर्नु पर्नेछ ।

१४.२ यदि खरीदकर्ता र आपूर्तिकर्ताले यसरी समझदारी कायम गर्न शुरू गरेको ३० दिन बितिसक्दा पनि समस्या समाधान हुन नसकेमा दुवै पक्षलाई मान्यता दिएको एक्जुडिकेटरलाई कुनै एक पक्षले औपचारिक रूपमा लेखि पठाउने छ । कथंकदाचित कुरा मिलेन भने नेपाल सरकारको नियम कानून अनुसार एक्जुडिकेटरको नियुक्ती हुनेछ ।

१५. आधिकारीक भाषा

१५.१ नेपाली अथवा अंग्रेजी आधिकारीक भाषा हुनेछन् ।

१६. प्रचलित कानून

१६.१ नेपालका बिद्यमान कानूनलाई नै प्रचलित कानून मानिनेछ ।

१७. सूचनाहरू

१७.१ खरीदकर्ताको पत्राचार गर्ने ठेगाना :- **आँबुखैरेनी गाउँपालिका कार्यालय, आँबुखैरेनी ३, तनहूँ ।**

**फो नं.०६५ ५४००८२**

१७.२ आपूर्तिकर्ताको पत्राचार गर्ने ठेगाना ...............................................।

**फोन नं.** ......................................................

१८. कर तथा भन्सार शुल्कहरू

१८.१ नेपाल सरकारले लगाएको सम्पूर्ण कर, शुल्क, लाइसेन्स फी तथा अन्य शुल्कहरू आपूर्तिकर्ताले नै व्यहोर्नु पर्नेछ ।

## खण्ड ४: ठेक्काको विशेष शर्तहरू **(Special Conditions of Contact)**

१. परिभाषाहरू

(क) **आँबुखैरेनी गाउँपालिका कार्यालय, आँबुखैरेनी ३, तनहूँ ।**

(ख) ................................................. ।

२. प्राविधिक स्पेसिफिकेशनहरू

२.१ यस ठेक्का अनुसार आपूर्ति गरिने मालसामानहरू खण्ड ८ : प्राविधिक स्पेसिफिकेशनमा उल्लेख भए बमोजिमको हुनुपर्नेछ ।

३. प्याटेन्ट राइट

३.१ ठेक्काको सामान्य शर्तहरुमा उल्लेख भए अनुसार हुनुपर्नेछ ।

४. कार्य सम्पादन जमानत

४.१ ठेक्काको सामान्य शर्तहरूमा उल्लेख भए अनुसार हुनुपर्नेछ ।

५. निरीक्षण र परीक्षणहरू

५.१ खरीदकर्ता वा निजको प्रतिनिधिले आफ्नो हाताभित्र ल्याइ पुऱ्याइएको मालसामानहरू प्राविधिक स्पेसिफिकेशन र कार्यसम्पादनको गुणस्तर बमोजिम छ कि छैन भनेर निरीक्षण गर्न पाउनेछ ।

६. प्याकिङ

सप्लाई हुने प्रत्येक प्याकिङको बाहिर उत्पादन मिति, एक्सपायरी मिति, व्याच नम्बर तथा **नेपाल सरकार द्वारा निःशुल्क बितरणको लागि** भन्ने बाक्यांश उल्लेख भएको हुनुपर्नेछ । अन्य दफाहरु ठेक्काको सामान्य शर्तहरूमा उल्लेख भए अनुसार हुनेछन् ।

७. मालसामान पुऱ्याउने काम

आपूर्तिकर्ताले **आँबुखैरेनी गाउँपालिका** कार्यालयको स्वास्थ्य शाखामा आफ्नै खर्चमा मालसामान डेलिभरी दिनुपर्नेछ ।

८. बीमा

८.१ आपूर्तिकर्ताले ठेक्का सम्झौता अनुसार मालसामान ढुवानी गर्दा सम्भावित नोक्सानी वा हानिबाट जोगाउन आवश्यक ठानेमा विमा गराउन सक्ने छ ।

८.२ आपूर्तिकर्ताले खरीदकर्ताको नाउँमा ढुवानी गर्दा लाग्ने बीमाको रकम व्यहोर्नु पर्ने छ र मालसामान तोकिएको ठाउँमा नपुऱ्याउँदा सम्ममा हुनजाने ढुवानीको सम्पूर्ण खर्च समेत व्यहोर्नु पर्नेछ ।

९. वारेन्टी/एक्सपायरी मिति

खरिद हुने औषधिहरुको म्यादको सम्बन्धमा दरभाउपत्रको Technical Specification मा उल्लेख भए अनुसार हुनुपर्ने छ । Technical Specification मा उल्लेख नभएको औषधिहरुको म्यादको सम्बन्धमा उक्त औषधिहरुको manufacturing date बाट expiry date कम्तिमा ७५% बाँकी हुँदा स्टोरमा दाखिला हुनु पर्नेछ । सो भन्दा घटी म्याद भएका औषधिहरु कुनै पनि हालतमा बुझिलिईने छैन ।

१०. भुक्तानी

प्राप्त हुन आएका औषधिहरुको भुक्तानी प्रकृया निम्नानुसारको हुनेछ ।

क) संझौता अनुसारको सामान **आँबुखैरेनी गाउँपालिका** कार्यालयको स्वास्थ्य शाखामा प्राप्त भै नियमानुसार स्टोर दाखिला भए पछि ९० प्रतिशत रकमको भुक्तानी स्टोरमा सामान बुझाएको इन्भ्वाइस तथा दखिला रिपोर्ट आदि पेश भए पछि हुनेछ ।

ख) बाँकी १०% रकमको भुक्तानी दरभमाउपत्रदाताले संझौता बमोजिमका सम्पूर्ण सामानहरू सप्लाई गरी नियमानुसार ९०% रकम भुक्तानी लिएको ३ (तीन) महिना पश्चात सप्लाई गरेको सामानको कुनै सिकायत प्राप्त नभएमा यस कार्यालयको लेखा शाखाबाट हुनेछ ।

११. मूल्य

ठेक्काको सामान्य शर्तहरुमा उल्लेख भए अनुसार हुनुपर्नेछ ।

१२. आदेशमा परिवर्तन

ठेक्काको सामान्य शर्तहरुमा उल्लेख भए अनुसार हुनेछ ।

१३. लिक्वीडेटेड **(Liquidated)** क्षति

ठेक्काको सामान्य शर्तहरुमा उल्लेख भए अनुसार हुनेछ ।

१४. विवादहरू समाधान गर्ने

ठेक्काको सामान्य शर्तहरुमा उल्लेख भए अनुसार हुनेछ ।

## खण्ड ५: सम्झौता फाराम (Contact Form)

यो सम्झौता आज २०७८ साल .......... महिना ......गतेका दिन **आँबुखैरेनी गाउँपालिकाको कार्यालय, आँबुखैरेनी ३, तनहूँ।**
(यस पछि खरीदकर्ता भनिने) र................................................. (यसपछि "आपूर्तिकर्ता" भनिने) बीचमा संपन्न भएको हो ।

खरीदकर्ताले औषधिहरु प्राप्त गर्न जम्मा रू ..................।- अक्षरेपी .................................... (यस पछि "ठेक्काको मूल्य" भनिने) को आपूर्तिकर्ताको दरभाउपत्र स्वीकृत भएकोले अब यस ठेक्का सम्झौतामा देहाय बमोजिम हुनेछ :

यस ठेक्काको प्रयोजनको लागि शब्द र अभिव्यक्तिको अर्थ यस पछि संलग्न गरिएको ठेक्काको शर्तहरुमा निर्धारित गरे अनुसार हुनेछ ।

२. निम्न कागजातहरू यस सम्झौताको अभिन्न अंग मानिनेछन् ।
(क) दरभाउपत्र फाराम र आपूर्तिकर्ताले पेश गरेको मूल्य सूची
(ख) आपूर्ति गर्नुपर्ने मालसामानको सूची
(ग) प्राविधिक स्पेशिफिकेशनहरू
(घ) ठेक्काको शर्तहरू
(ङ) खरीदकर्ताले ठेक्का प्रदान गरेको सूचना पत्र

३. ठेक्का सम्झौतामा उल्लेखित शर्तहरू अनुसार खरीदकर्ताले आपूर्तिकर्तालाई गर्ने भुक्तानी वापत आपूर्तिकर्ताले उल्लेखित संपूर्ण शर्तहरू बमोजिम सामानहरूको आपूर्ति तथा त्रुटि निवारणको काम गर्न मञ्जुर गर्दछ ।

४. खरीदकर्ताले आपूर्तिकर्तालाई मालसामान तथा सेवा आपूर्ति तथा त्रुटि निवारण गरे वापत ठेक्का सम्झौतामा उल्लेखित समय र प्रक्रिया अनुसार ठेक्का मूल्य अथवा सम्झौताका प्रावधान अनुसार तिर्नु पर्ने अन्य रकम भुक्तानी मञ्जुर गर्दछ ।

तपसिलका साक्षिहरूको रोहवरमा दुई पक्ष बीच आफूमा निहित अधिकारहरू प्रयोग गरी गरिएको यो सम्झौता माथि उल्लेख गरिएको मिति देखि नै लागु हुनेछ ।

| | |
|---|---|
| सही : .................................... (खरीदकर्ताको तर्फबाट सहीछाप गर्ने) | सही : .................................... (आपूर्तिकर्ताको तर्फबाट सहीछाप गर्ने) |
| नाम : | नाम : |
| पद | पद : |
| **आँबुखैरेनी गाउँपालिकाको कार्यालय, आँबुखैरेनी ३, तनहूँ।** | आपूर्तिकर्ताका फर्मको नामः |
| अफिसको छाप : | आपूर्तिकर्ताको फर्मको छाप : |

रोहबर

खण्ड ६: नमूना फारामहरू **(Sample Forms)**

१. दरभाउपत्र तथा मूल्य सूचीपत्रहरू

मिति :-

**श्री आँबुखैरेनी गाउँपालिकाको कार्यालय, आँबुखैरेनी ३, तनहूँ ।** .
महोदय,

हामी तल सही छाप गर्नेले दरभाउपत्र दस्तावेज राम्रोसँग जाँची अध्ययन गर्‍यौं र ............................................... (मालसामान र सेवाको विवरण) दरभाउपत्र दस्तावेजहरूमा दिइएको शर्तहरू अनुसार आपूर्ति गर्न र तोकिएको ठाउँमा पुर्‍याउन इच्छुक भएकोले रू. ......................... अक्षरमा रु.....................................................मात्र अथवा यस्तै अरू रकम जुन यस दरभाउपत्रसँग संलग्न मूल्यसूची अनुसार निर्धारण हुन सक्नेछ समेतलाई मान्यछ भनि प्रस्ताव जाहेर गर्दछौं ।

यदि हाम्रो दरभाउपत्र स्वीकृत भएमा आपूर्ति गर्नुपर्ने मालसामानको सूचीपत्रमा उल्लेखित कार्यतालिका अनुसार मालसामान पुर्‍याउने अभिभारा बहन गर्ने छौं ।

यदि हाम्रो दरभाउपत्र स्वीकृत भयो भने ठेक्का सम्पादनका लागी ठेक्का मूल्यको ३ प्रतिशतले हुन आउने रकम बराबरीको नगद धरौटी वा बैंक ग्यारन्टी खरीदकर्ताले तोकेको ढाँचा बमोजिम बुझाउने छौं ।

दरभाउपत्र खोल्ने मिति देखि .................. दिन सम्मका लागी यो दरभाउपत्रको मान्यता कायम गर्न हामी राजी छौं, सो मान्यता अवधि हामीलाई बाध्यात्मक हुनेछ ।

आधिकारीक रूपमा ठेक्का तयार भई क्रियाशिल नभएसम्मको लागि यो दरभाउपत्र तपाइंले लेख्नु भएको स्वीकृति पत्र र काम प्रदान भएको सूचनापत्रहरूले हाम्रो बीच हुने ठेक्का सरह बाध्यात्मक हुनेछ । सबैभन्दा घटी दरभाउपत्र अथवा कुनै दरभाउपत्र पनि स्वीकृत गर्न तपाइंलाई बाध्यता छैन भन्ने हामीले बुझेका छौं ।

मिति ............................ समय.................... महिना.......................... गते .......................

.........................
(सहिछाप)

....................................
(पद)

.........................................का निमित्त र तर्फबाट दरभाउपत्रमा सहिछाप गर्ने अधिकार प्राप्त गरेको ।

**आँबुखैरैनी गाँउपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**आँबुखैरेनी-३,तनहुँ**

गण्डकी प्रदेश,नेपाल

**औषधी एवं अन्य औषधी जन्य सामानहरु खरिदको लागि दरभाउ पत्र फाराम आ.व.०७८/७९**

| सि.नं. | सामानको नाम | स्पेसिफिकेसन | ईकाई | परिमाण | इकाई दर | | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | अंकमा | अक्षरमा | | |
| १ | PARACETAMOL | 500 MG | TAB | 36000 | | | | |
| २ | ZINC SULPHATE | 20 MG | TAB | 2000 | | | | |
| ३ | ORAL REHYDRATION SALT | 20 GM | PKT | 3000 | | | | |
| ४ | AMOXYCILLIN | 500 MG | CAP | 20000 | | | | |
| ५ | AMOXYCILLIN | 250 MG | TAB | 5000 | | | | |
| ६ | PANTOPRAZOL | 40 MG | TAB | 6000 | | | | |
| ७ | NEOMYCIN SkIN OINTMENT | 5 GM | TUBE | 1000 | | | | |
| ८ | VITAMIN B COMPLEX | MULTIPULE MG | TAB/CAP | 5000 | | | | |
| ९ | Disposible SYRINGE | 3 ML | PCS | 500 | | | | |
| १० | Disposible SYRINGE | 5 ML | PCS | 500 | | | | |
| ११ | HYOSCINE BUTYLBROMIDE | 10 MG | TAB | 5000 | | | | |
| १२ | AZITHROMYCIN | 250 MG | TAB | 1000 | | | | |
| १३ | AXITHROMYCIN | 500 MG | TAB | 2000 | | | | |
| १४ | CIPROFLOXACILLIN E/E DROP | 0.3% W/V/5 ML | PHIAL | 1500 | | | | |
| १५ | DICLOFENAC | 50 MG | TAB | 5000 | | | | |
| १६ | DISTILLE WATER | 10 ML | PHIAL | 100 | | | | |
| १७ | METFORMINE HYDROCHLORIDE | 500 MG | TAB | 5000 | | | | |
| १८ | IBUPROFEN | 400 MG | TAB | 8000 | | | | |
| १९ | AMLODIPINE | 5 MG | TAB | 10000 | | | | |
| २० | CLOXACILLIN | 500 MG | CAP | 5000 | | | | |
| २१ | POVIDONE | 5%/ 500 ml | BOTTLE | 50 | | | | |
| २२ | LIGNOCAINE | 10 ml 2% inj | VAIL | 50 | | | | |
| २३ | GAMMA BENZENE HEXA | 1%w/v/100 ml , lotion | PHIAL | 200 | | | | |
| २४ | CEFIXIM | 200 MG | TAB | 3000 | | | | |
| २५ | CETRIZINE | 10 MG | TAB | 5000 | | | | |
| २६ | Metronidazol | 400 MG | TAB | 5000 | | | | |
| २७ | Clotrimazol ointment | 15 gm | TUBE | 2000 | | | | |
| २८ | Clove oil | 5 ML | PHIAL | 200 | | | | |
| २९ | Paracetamol | 125mg/5 ml/50-60 ml | SYRUP | 1000 | | | | |
| ३० | Amoxicillin | 125mg/5 ml/50-60 ml | SYRUP | 1000 | | | | |
| ३१ | Metronidazol | 200mg/5 ml/50-60 ml | SYRUP | 500 | | | | |
| ३२ | Salbutamol | 4 MG | TAB | 10000 | | | | |
| ३३ | Chloramphenicol eye ointment | 1%, aplicap | CAP | 1000 | | | | |
| ३४ | Chlorpheniramine | 4 MG | TAB | 10000 | | | | |
| ३५ | Ciprofloxacillin | 500 MG | TAB | 5000 | | | | |
| ३६ | prometazine | 25 MG | TAB | 1000 | | | | |
| ३७ | Silver sulfadaizine ointment | 15-25 gm | TUBE | 200 | | | | |
| ३८ | Benzoic Acid + salicsylic acid | 15 gm | TUBE | 1500 | | | | |
| ३९ | Gention Violet | 10 ML 2%, SOLUTION | PHIAL | 500 | | | | |
| ४० | Calamine Lotion | 15% W/V, 30 ML, LOTION | PHIAL | 500 | | | | |
| ४१ | fluconazol | 150 mg | CAP | 2000 | | | | |
| ४२ | DICLOFENAC | 25mg/ 3ml | INJ | 100 | | | | |
| ४३ | HYOSCINE | 20mg/ml | INJ | 100 | | | | |
| ४४ | DOXYCYCLINE | 100 MG | CAP | 3000 | | | | |
| ४५ | INDOMETHACIN | 25 MG | TAB/CAP | 1000 | | | | |
| ४६ | TRANOSTAT | 500 MG | TAB/CAP | 2000 | | | | |
| ४७ | ACECLOFENAC | 100 MG | TAB/CAP | 3000 | | | | |
| ४८ | ABSORABLE CATGUT | 2.0/3.0 | RB/CB | 100 | | | | |
| ४९ | PROLINE CATGUT | 2.0/3.1 | RB/CB | 100 | | | | |
| | **जम्मा** | | | | | | | |

| सि.नं | विवरण | ठेक्का नं | जमानत रकम | कुल रकम (भ्याट समेत) |
|---|---|---|---|---|
| १ | औषधी र औषधी जन्य सामाग्रीहरु खरिद | ०१-२०७८।७९, Health | | |

| | |
|---|---|
| दरभाउपत्र पेश गर्ने /कम्पनीको नाम : | कार्यालयको नाम : आबुँखैरेनी गा पा, तनहुं |
| प्रोपाईटरको नामथर : | कार्यालय प्रमुखको नाम थर : विष्णु प्रसाद पोखरेल |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |